नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
(आन्तरिक प्रशासन तथा साहसिक पर्यटन शाखा)

www.tourismdepartment.gov.np
Email: info@tourismdepartment.gov.n
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३१
महानिर्देशक :- ४२४७०३७
पर्यटक प्रहरी : ४२४७०४१
भृकुटीमण्डप, काठमाडौं ।

पत्र संख्या :- ०७७/७८
च.नं :- २४३६

मिति :-२०७८/०३/२५

विषय : सूचना टाँस सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
बबरमहल, काठमाडौं ।

यस विभागमा बिग्रीएर लामो समयदेखि प्रयोगबिहिन अवस्थामा रहेका तपसिल बमोजिमका विद्युतीय जिन्सी मालसामानहरु बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्ने संबन्धमा मिति २०७८।०३।२४ मा पुनः निर्णय भएकोले यसै पत्रसाथ संलग्न बोलपत्र आव्हान सम्बन्धी पाना २ (दुई) को सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस विभागमा पठाई सहयोग गर्नु हुन निर्देशानुसार अनुरोध छ ।

तपसिल

सि न	विवरण	परिमाण	इकाई	कैफियत
१	डेस्कटप कम्प्युटर	८	थान	प्रयोगमा नरहेका ।
२	कम्प्युटर प्रिन्टर	७	थान	
३	वाल फ्यान	३	थान	मर्मत पछि पनि
४	यु पि एस	४	थान	
५	एयर कण्डिसनर	१	थान	प्रयोग हुन सक्ने
६	ल्यापटप	४	थान	
७	इलेक्ट्रिक थर्मश	२	थान	अवस्था नरहेको ।

२०७८।०३।२४
(पर्वत गिरी)
शाखा अधिकृत

नेपाल सरकार
संस्कृति ,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पर्यटन विभाग

पुराना जिन्सी विद्युतीय मालसामान (कम्प्यूटर, ल्यापटप, प्रिन्टर लगायत) को लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना ।

(दोस्रो पटक प्रकाशित / टाँस भएको मिति २०७८।०३।२५)

यस विभागमा रहेका पुराना जिन्सी विद्युतीय मालसामान (कम्प्यूटर, ल्यापटप,प्रिन्टर लगायत) जे जस्तो अवस्थामा जहाँ छन् सोही अवस्थामा सोही स्थानबाट बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले निम्न लिखित शर्तको अधीनमा रही बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम सूचना दोस्रो पटक टाँस/ प्रकाशित भएको मितिले चौथो दिनको कार्यालय समयभित्र एभरेष्ट बैंक लिमिटेड राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३२५-०१३-५०१ खाता नं. ००१००१०६२००००० मा रु.१०००/- जम्मा गरेको सक्कल बैंक भौचर आर्थिक प्रशासन शाखामा बुझाई खरिद गर्न सकिनेछ । अन्तिम दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना दोस्रो पटक टाँस/ प्रकाशित भएको मितिले पाचौं दिन दिनको १२.०० बजेसम्म दर्ता गर्न सकिने छ । पाचौं दिन सार्वजनिक विदा परेमा विदाको भोलि पल्ट कार्यालय खुलेको दिनको १२.०० बजे भित्र दर्ता गराई सक्नु पर्ने छ । बोलपत्र फाराम सिलबन्दी गरी खामको बाहिर बोलपत्रदाताको नाम, ठेगाना खुलाई "पर्यटन विभागको पुराना जिन्सी विद्युतीय मालसामान (कम्प्यूटर, ल्यापटप, प्रिन्टर लगायत) लिलाम सम्बन्धी बोलपत्र, २०७८" उल्लेख भएको हुनुपर्नेछ ।

३. दाखिला हुन आएका बोलपत्रहरु दोस्रो पटक सूचना टाँस/प्रकाशित भएको मितिले पाचौं दिन दिनको २.०० बजे विभागमा उपस्थित बोलपत्रसगं सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनी तथा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर व्यक्ति वा फर्म, संस्था वा कम्पनीको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको भोलि पल्ट कार्यालय खुलेको दिनको २:०० बजे पर्यटन विभागमा खोलिनेछ ।

४. बोलपत्र साथ बोलपत्रदाताले बोल अङ्गको १० (दश) प्रतिशतले हुन आउने बराबरको बैंक जमानत वा बालुवाटार स्थित नेपाल राष्ट्र बैंकमा को.ले.नि.का. काठमाडौंको (कार्यालय कोड नं.२७-३२५-१९) खाता नं.१२०१२००००१००२५२४, मा धरौटी रकम जम्मा गरी सोको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ ।

. बोलपत्र दाखिला गर्ने इच्छुक रजिष्टर्ड फर्म, संस्था वा कम्पनीले मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७६।७७ सम्मको करचुक्ता पत्रको प्रमाणित प्रतिलिपि र इच्छुक व्यक्तिले नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फारमसाथ संलग्न राख्नु पर्नेछ ।

सिलवन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहनेछ ।

माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

८. मालसामानको कुल न्युनतम मूल्य रु. १०६१६१।१८ (एक लाख छ हजार एक सय एकसठ्ठी रुपैया अठार पैसा मात्र) कायम भएकोले सो रकमदेखि माथि मात्र कबोल अंक लेख्न सकिने छ । बोलपत्र स्वीकृत भएको बोलपत्रदाता आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर १३% समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गर्नु पर्नेछ ।

९. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा वा उल्लेखित सामानहरु हेर्नु परेमा कार्यालय खुलेको समयभित्र विभागको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ ।

१०. सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम रीत नपुगी आएको, सिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. यो सूचना पर्यटन विभागको वेभसाइट www.tourismdepartment.gov.np मा समेत हेर्न सकिनेछ ।

पर्यटन विभाग

शाखा अधिकृत